# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ८, अंक ३६, २०७८ चैत २२ मंगलवार (Jhuleni Post Weekly) 05 Apr. 2022 पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, विजुवार

Email : jhulenipyuthan@gmail.com


## रोजगारीको लालसा
# म्यादीमा करिब ३२ सयको आवेदन




**झुलेनी पोष्ट,**
**प्यूठान**

प्यूठान नगरपालिका-६ का २० वर्षीय भुवन गयलमगर स्थानीय तह निर्वाचनको लागि सरकारले भर्ना गर्न लागेको म्यादी प्रहरीमा भर्ना हुनका लागि आवेदन दिएका छन् । परीवारको आर्थिक अवस्था कमजोर भएकाले दुई महिनाको लागि मात्रै भए पनि रोजगारी मिले, परिवार चलाउन सहज होला भनेर म्यादी प्रहरीमा भर्ना हुन खोजेको उनी बताउँछन् । ११ कक्षा पढ्दा पढ्दै पढाइ छाडेका उनी रोजगारीको लागि पाँच पटक भारतमा पुगेर फर्के । यस पटक यतै रोजगारीको लागि कोसिस गरिहेको छन् । नेपाल प्रहरीमा भर्ना हुन भनेर उनी दुई पटक भर्ना छनौटको लागि पुगेका थिए । तर, उनको भर्ना हुने चाहाना अझै पूरा भएको छैन् । 'धैरै पढे-लेखेको भए पो अरु राम्रो ठाउँमा कामको लागि आवेदन दिन हुन्थ्यो । म्यादीमा भए पनि भर्ना हुन पर्‍यो भनेर आएको हो,' उनले झुलेनी पोष्टसँग भने,'म्यादीमा पनि भर्ना भइन्छ भइदैन निश्चित छैन ।' नेपालमै काम गर्ने सोच बनाए पनि अहिलेसम्म कतै केही अवसर नपाएको उनले दुखेसो पोखे ।

प्यूठान नगरपालिका ९ का

**बाँकी ३ पेजमा**

# कति कसिएला प्यूठानमा गठबन्धनको गाँठो

२०७९ बैशाख ३० मा हुने निर्वाचनमा सत्ताधारी दलहरु एमाले बिरुद्ध गठबन्धन गरेर जाने भन्ने प्यूठानको चोक, चोकमा व्यापक चर्चा छ । यद्यपी गठबन्धनको ढाँचाबारे भने दलहरुले खाका अझै बनाउन सकेका छैनन् । हलो दलहरुले पाउने पद कती भन्नेमै अड्कीएको छ । 'आवश्यकताका आधारमा' मात्रै तालमेल गर्ने कांग्रेस केन्द्रीय कार्य समितिको बैठकको निर्णय कार्यान्वयन गराउन प्यूठान कांग्रेसलाई सहज छैन् ।

अन्य दलहरुले खोजेको भाग दिँदा आफ्नै पार्टी भित्रका आंकक्षीहरुलाई मिलाउन कांग्रेस जिल्ला नेतृत्वलाई फलामको चिउरा बनिरहेको छ । सत्ता साझेदार माओवादी केन्द्र, राजमो, एकीकृत समाजवादी दलका जिल्ला नेताहरु जसरी पनि कांग्रेससँग गठबन्धन गरेरै जानुपर्छ भन्नेमा छन् । उनीहरुले तत्काल तालमेलको ढाँचा सहितको निर्णण गरेर चाडो भन्दा चाडो निर्वाचनमा होमिन कांग्रेसलाई दवाब दिइरहेका छन् ।

'जिल्लाभरका सबै स्थानीय तहहरुमा तालमेल गरेर जानेगरी निर्णयमा पुग्न सक्ने अवस्था अझै बनेको छैन,' नेपाली कांग्रेस प्यूठानका पार्टी सभापति विष्णुकुमार गिरीले भने, 'आवश्यकताको आधारमा स्थानीय तहरुमा मिल्ने गरि छलफलहरु भइरहेका छन् ।' जिल्लाभरमै निर्णय गरेर गठबन्धन गर्ने अवस्था नभएकाले कांग्रेस कार्यकर्तालाई स्थानीय स्तरमा छलफल गरेर निर्वाचनमा होमिन निर्देशन दिएको गिरीले

**बाँकी ३ पेजमा**

## जीवनको रङ्ग
# सुपोमा गोलभेडा बेच्थे सुर्य बहादुर

**तेजेन्द्र बि.एम.**
**झुलेनी पोष्ट, प्यूठान**

बिहान घाम नझुल्किदै आउछन् राती अबेरसम्म बस्छन् । प्यूठान नगरपालिका ४ टारीका सुर्यबहादुर भण्डारी बिजुवार क्षेत्रका सबैभन्दा पुरानो तरकारी तथा फलफूल व्यवसायीको रुपमा चिनिन्छन् । उनले तरकारी व्यवसाय सुरु गर्दा पहिलेको अवस्था धेरै फरक थियो । अहिले ६२ वर्ष पुग्दा पनि भण्डारी तरकारी विक्री गर्ने व्यवसायनै गर्दछन् । हिजोआज बिजुवार बजार क्षेत्रमा व्यवसायी बढेका छन् । उनिसङ्ग तरकारी व्यवसाय र शिक्षण सम्बन्धी धेरै पुरानो अनुभव छ । उनको कहाँनी सुन्दा कुनै पनि व्यक्ति सफल हुनको लागि धेरै सम्पति चाहिन्छ जस्तो लाग्दैन । सफल हुनको लागि त केवल सानो लगानी बाटै भएपनि मेहनत गर्नुपर्ने रहेछ । उनले सबैभन्दा पहिले रातामाटामा खाद्यान्न तथा फेन्सी पसल गरेका थिए । त्यो व्यवसायलाई



छोडेर तरकारी तथा फलफूल व्यवसाय गर्न थालेका हुन् । पहिले उनले २०५५ सालमा बिजुवारको चोकमा आफ्नै बारिमा उत्पादन भएको लोकल गोलभेडा सुपोमा राखेर बेच्न सुरु गरेका उनी अहिले मास्टर तरकारी पसलले चिनीने गर्दछन् । बिहान साँझ तरकारी व्यवसाय गर्ने उनी दिउँसो पढाउने काम गर्थे । शारदा निम्न माध्यमिक विद्यालय सापडाडामा शिक्षण गर्दै आएका उनीले पेन्सन समेत पकाएका छन् । उनी विद्यालयमा व्यस्त हुँदा तरकारी पसलमा श्रीमती र छोराछोरीले व्यवसाय चलाउने गर्थे । तरकारी सङ्गसङ्गै फलफूल, माटोका

**बाँकी ३ पेजमा**

## हाम्रो नजर

# पत्रकारहरूले गरे रक्तदान



*नेपाल पत्रकार महासंघ प्यूठान शाखाले ६७ औं स्थापना दिवसको अवसर पारेर रक्तदान कार्यक्रम गरेको छ । जिल्लाका ७ जना पत्रकारहरुले नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा प्यूठानद्धारा सञ्चालित रक्तसञ्चार केन्द्र विजुवार प्यूठानमा यो अवसर पारेर रक्तदान गरेका थिए । जुम्री देखी विजुवारको मित्रमणी चोक सम्म ¬याली निकालेर प्यूठान अस्पतालमा कोणसभा पछि रक्तदान गरिएको थियो ।*

*दुखी, गरिब तथा असहाय, अपाङ्ग र पिछडिएका वर्गहरुको विषयमा कलम चलाउदै आएका पत्रकारहरुले रक्तदान गरेर रक्तदान गर्नुपर्छ भन्ने कुरालाइ प्रोत्साहान गरेका छन् । पत्रकारहरुले कलमकै माध्यमबाट धेरैको ज्यान बचाउन र उद्धार गर्न सफल छन् । आवाज विहीनहरुको आवाज बोल्ने पत्रकारहरु बिरामी भएर आर्थिक अभावले अस्पतालको बेडमा छट्पटाउदै ज्यान गुमाउनु पर्ने कहाली लाग्दो अवस्था छ । पत्रकारहरुको समस्यालाई पनि नेपाल पत्रकार महासंघले गम्भिरतापूर्वक ध्यान दिनु जरुरी छ ।*

# पेट्रोल पम्पमा कहिलेसम्म लाइन बस्ने ?




*प्यूठानमा पेट्रोलियम पदार्थको बिक्री वितरण कहिल्यै सहज हुंदैन । मोटरसाइकलमा पेट्रोल भर्नका लागि पुगेकाहरु कि त घन्टौ लाइन लाग्नुपर्छ, कि त छैन भन्ने उत्तर सुनेपछि फर्कनु पर्छ । यो समस्या हल गर्न सरोकालवाला निकाय कहिल्यै लागेको पाइदैन । जहिल्यै मुखदर्शक बनेर बसेका हुन्छन् । पछिल्ला केहिदिन देखि त झन ठूलो समस्यानै छ । प्यूठान जिल्ला भित्रका सबै पम्पहरुमा तेल नभएपछि उपभोक्ताहरु निकै समस्यामा छन् । हाल नेपाल आयल निगम र आन्दोलनरत राष्ट्रिय पेट्रोलियम व्यवसाय संस्थागत समन्वय समितिबीच पेट्रोलियम पदार्थको बिक्री वितरणको बारे कुरा नमिलेपछि जिल्लामा पम्प संचालनकरुले तेल दिएका थिइनन् । निगमको केन्द्रीय कार्यालय टेकुमा शनिबार भएको छलफलमा दुवै पक्षबीच सहमति जुटेको भनिए पनि प्यूठानमा अझै तेल सहज भएको छैन् । समन्वय समितिले गत फागुन २३ मा निगम समक्ष पेट्रोलियम बिक्रेता कमिसन र एलपी ग्यासको ढुवानी भाडा समायोजन सम्बन्धी माग पेस गरेको थियो । छलफलबाट पेट्रोलियम बिक्रेता कमिसन र एलपी ग्यासको ढुवानी भाडा समायोजन सम्बन्धी मागको सम्बन्धमा सात दिनभित्र उचित निष्कर्ष निकाल्ने तथा अन्य पेट्रोलियम कारोबारसँग सम्बन्धित मागको सम्बन्धमा आगामी ज्येष्ठ १५ सम्ममा सक्ने सहमति भएको निगमले जनाएको छ । तर, नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एशोसिएशन, नेपाल एलपी ग्यास उद्योग संघ र नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघले अझै सहजरुपमा ढुवानी गरेका छैनन् । पेट्रोलियम पदार्थका उपभोक्ताहरूलाई सहज र सरल ढंगले पेट्रोलियम पदार्थ उपलब्ध गराउन निगमका सम्पूर्ण डिपो कार्यालयहरु आइतबार देखि बजेदेखि सञ्चालन गरेको भनेपनि प्यूठानमा अझै सहज भएको छैन । प्यूठानमा सहज गराउनको लागि सरोकारवाला निकायको ध्यान पुगोस् ।*

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : ९/०७२/०७३



झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका

झुलेनी पोष्ट साप्ताहिक

झुलेनी पोष्ट
सम्पादकीय....

## खुलेर जनप्रतिनिधि चुनौं

हाम्रो संविधान र कानुनले जनप्रतिनिधिहरुको गैरजिम्मेवार र उत्ताउलो काम नियन्त्रण गर्न निश्चित अन्तरालमा जनताले उनीहरुको उत्तरदायित्वको परीक्षण गर्ने व्यवस्था निर्वाचन मार्फत गरेको छ ।

नागरिकहरुले आफ्ना प्रतिनिधिहरु कार्य-उपलब्धि, व्यवहार, नागरिक-हितप्रतिको निष्ठा र वाचा निभाउन कति सफल रहे, त्यसैका आधारमा जनादेशको पुर्ननवीकरण गर्न वा फिर्ता बोलाएर सजाय दिन सक्नुपर्छ । राजनीति क्रमशः प्रतिस्पर्धा, इर्ष्या र शक्तिको खेलबाट ग्रस्त हुँदै छ । यो कदापी पनि राम्रो होइन । उम्मेदवारहरुद्वारा अस्वाभाविक आश्वासन दिने, सपना बाँड्ने, स्वरकल्पनाको आशामा भुलाउने काम हुने गर्छ । यही हलुका आश्वासन नै पुराना जनप्रतिनिधिहरुका लागि गलपासो हुने गरेको देखिन्छ । उनीहरुले मतदाताहरुलाई यी सबैको हिसाब दिनुपर्छ जुन कठिन हुने गर्छ । स्थानीय तहको निर्वाचन संघारमै छ । यसलाई नागरिकहरुले महान् पर्व र उत्सवका रुपमा लिनुपर्छ । सस्ता र झुठा आश्वासन दिएर पदमा पुगेहरु, सार्वजनिक पदलाई व्यक्तिगत लाभको माध्यम बनाउनेहरु, ठूलाठूला सपना बाँडेर व्यवहारमा शून्य उपलब्धि दिनेहरुलाई मतदाताको कठघरामा उभ्याउने अवसर हो । यसको रुपमा आफ्नो मतको सदुपयोग गर्नु पर्छ ।

सीमित स्रोतसाधनले पनि जनप्रिय र भविष्य बुन्ने काम गर्ने जनप्रतिनिधिहरुलाई जनादेशको नवीकरण गरिदिएर जनताको सम्मान दिने समय पनि यही हो । हाम्रा स्थानीय तहका पदाधिकारीहरुले कुनै बहाना झिकेर उत्तरदायित्व पन्छाउन खोज्ने सम्भावना छ । स्थानीय तहमा निर्वाचितहरुले सामूहिक उत्तरदायित्वको कुरा गर्न थालेका छन् । संघ र प्रदेश सरकारले काम गर्न नदिएको भन्न थालेका छन् । कर्मचारीहरुले काम गर्न नदिएको समेत बहाना बनाउदै छन् । आफूहरुले स्वर्ग नै बनाउन खोजेको तर कर्मचारीतन्त्रले गर्दा नसकेको भनेर पन्छिने प्रयास देखिन थालेको छ । सचेत मतदाताहरुले यस्ता बहानाबाजीमा विश्वास नगरी चार आधारमा तिनीहरुको उत्तरदायित्व परीक्षण गर्नुपर्छ– शक्तिको प्रयोग, उपलब्धि, न्याय र वित्तीय व्यवस्थापन । निर्वाचित पदाधिकारीले प्रत्यायोजित शक्ति र अख्तियारको दुरुपयोग गरेको छ वा छैन, जनताको विश्वासलाई घात गरी आफ्नो पदीय अधिकारको दुरुपयोग गरेर व्यक्तिगत लाभ लिएको छ वा छैन, भन्ने कुरामा मतदाताले लेखाजोखा गर्न सक्नुपर्छ ।

# रोजीरोटीकै लागि महिला कहिलेसम्म विदेशिनुपर्ने?



सीता घिमिरे

मेरो घरको पल्लोपट्टि करिब २१-२२ वर्षकी झरना नेपाली (नाम परिवर्तन) भाडामा बस्छिन्। ज्याला-मजदुरी गरेर गुजारा गर्दै आएकी उनी एक दिन बिहानै अतालिँदै मेरो घर आइन् र आमा (रमा) ले कुवेतमा घरायसी काम गर्ने क्रममा दुःख पाएको, तलब नपाएको र साहुले घर फर्कन नदिएको कुरा सुनाउँदै भनिरहिन्, 'ममी भारतको बाटो भएर कुवेत जानुभा' चार वर्ष भयो ।

पहिलो दुई वर्ष पैसा पनि पठाउनुभयो। त्यसपछि हरेक एक वर्ष पुग्नेबित्तिकै अर्को घरमा सारिदिन थालेछ। झोक्राएर मात्र बस्नुहुन्छ। ममी मर्नुभयो भने म पनि मर्ने हो, ममीबाहेक मेरो कोही छैन। मेरो आफ्नो बाबाले त झन् रक्सी खाएर सधैं ममीलाई कुट्ने भएकाले नै त उहाँ यो बाबासँग आउनुभा' हो।'

झरनाबाट यति सुनिसकेपछि मैले सम्बन्धित निकायमार्फत कुवेतस्थित नेपाली दूतावासमा सम्पर्क गरें। विभिन्न निकायबाट रमालाई यथाशीघ्र सकुशल नेपाल फर्काउन अनुरोध भयो। त्यसपछि भने रमाले दूतावासका कर्मचारीहरूको राम्रो व्यवहारको अनुभव गर्न पाइछन्। प्रक्रिया सुरु गरेको महिनादिनभित्रै उनी नेपाल आइपुगिन।

**_मैले चार वर्षसम्म गाली र कुटाइ सहँदै आधा पेट खाएर दिनको अठार-बीस घण्टासम्म काम गरें । आज सास मात्र लिएर रित्तो हात फर्कें ।_**



अर्को एक बिहान सात बजेतिर मेरो घरको डोरबेल बज्यो। झरना एक महिलासाथ आएकी रहिछन्। ती महिला दुब्ली-पातली थिइन्। अनुहार पूरै चाउरी परेको, हातखुट्टाका नसानसा देखिने, करिब ५५ वर्षकी जस्ती। मैले अनुमान पनि गर्न सकिनँ, यिनै हुन् झरनाकी ४० वर्षीया आमा भनेर! झरनाले हँसिलो अनुहारमा भनिन्, 'ममी आउनुभयो नि आन्टी! तपाईंलाई भेट्छु भन्नुभा' भएर ल्याइदेको।' रमाले मास्क चिउँडोमुनिसम्म तान्दै भनिन्, 'मलाई नेपाल फर्काइदिनुभयो, जिउँदै आउँछु भन्ने लाग्या थिएन, धेरै धन्यवाद। मैले चार वर्षसम्म गाली र कुटाइ सहँदै आधा पेट खाएर दिनको अठार-बीस घण्टासम्म काम गरें। आज सास मात्र लिएर रित्तो हात फर्कें। हजुरले सक्नुहुन्छ भने मेरो पैसा र पासपोर्ट पनि मगाइदिनुपर्‍यो। मलाई सन्चो पनि छैन, धेरै कुरा गर्ने तागत पनि छैन।' यति भनेर उनले मास्क तानेर नाकमुख छोपिन्। चिया खाँदै अरू केही कुराकानी गरेपछि आमा-छोरी बाहिरिए।

रमाको अवस्थाले ममा अनगिन्ती प्रश्न उब्जाइदियो। उनले त्यत्रो समय विदेशमा हाड घोटेर पनि किन खाली हात फर्कनुपर्‍यो? त्यो पैसा उठाइदिने जिम्मेवार निकाय को हो? उनले त्यहाँ गाली र कुटाइ खाँदै दिनहुँ अठार-बीस घण्टा किन काम गर्नुपर्‍यो? उनी राम्रो काम र तलब पाइन्छ भन्ने विश्वासमा भारतको बाटो हुँदै कुवेत जानुपर्ने अवस्था किन आयो? बल्लतल्ल नेपाली दूतावास आइपुगेकी उनले कर्मचारीको झर्कोफर्को किन सुन्नुपर्‍यो? फेरि तिनै मान्छेबाट अलि दिनपछि राम्रो व्यवहार किन भयो? हुन त उनी सकुशल नेपाल फर्किइन्, यी प्रश्नको उत्तर दिनुपर्ने जिम्मेवार निकायहरूलाई यस्ता कथा-व्यथा थाहा नभएको होइन, तर आज हजारौं रमाले यो नियति किन भोगिरहनुपरेको छ?

प्रथमतः बर्सेनि हजारौंको संख्यामा नेपाली महिला आफ्नो वेश, भूषा, भाषा, संस्कृति, खानपान केही नमिल्ने

बाकी ४ पेजमा

**नगरपालिकावासिलाई अनुरोध**

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

**अनुरोधक : स्वर्गद्वारी नगरपालिका, भिंगृ प्यूठान**

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# न बाउले छोराको अनुहार हेर्न सके, न छोराले बाउको



**गोकर्णप्रसाद उपाध्याय**

उमेर हुँदो हो, यस्तै पचपन्न 'प्लस' । चट्ट कोरेको कपाल। धारिलो आइरन लगाएका लुगा। हेर्नेलाई 'रइसवाला फिल' हुने गरी पान चपाउँदै गाडीबाट झरे । श्रीमती पनि ओर्लिइन् । लवाइ छनकले मुस्लिम समुदायका भएको संकेत दियो । (यहाँनिर कुनै समुदाय वा जातिप्रति लक्षित गर्न खोजिएको होइन) ।

गाडीबाट तेस्रो व्यक्तिको पनि पदार्पण भयो- सम्भवतः नवविवाहिता । तीनै जना नयाँ पाइला पुनर्स्थापना केन्द्र (रिह्याब) को गेटभित्र पसे । छोरा रहेछन् रिह्याबमा । पैंतालीस दिन पुगेछ त्यहाँ राखेको। रिह्याबमा राखेपछिको सुधारबारे बुझ्न भेटघाट गर्ने पहिलो दिन रहेछ । छोरो लागुऔषधको कुलतमा परेको थाहा पाएपछि टुटेको सपना फेरि जोडिन्छ कि ? सम्भावनाको सुनुश्चितता गर्ने दिन भएकाले सपरिवार भेट्न आएका । आफू लामो समय कुनै खाडी मुलुकमा वैदेशिक रोजगारीमा बसेर पसिना बहाएका । आफू विदेशमा दुःख गरेर भए पनि सन्तानलाई सुखसयलमै राख्न कुनै कमी हुन नदिएका । दुई छोरा 'अब्बा जान' को बिँडो थाम्दै पहिले नै विदेशिइ सकेका । कान्छो चाहिँ लागुऔषधको कुलतमा फसेछन् ।

छ-सात वर्षै भइसकेछ गाँजा खान थालेको । गाँजा त 'गेट-वे ड्रग्स' न भयो । त्यसपछि गाँजा छाडेर अरू दुई-चार किसिमका 'ड्रग्स' खाएछन् । पछिल्लो समय ब्राउन सुगरको लत लागेको रहेछ । वर्षौं देखि लुकिछिपी गर्दै आएको यो लतबारे परिवारलाई थाहा हुनासाथ हत्तपत्त रिह्याबमा पठाएका रहेछन् । रिह्याब सेन्टरको भेटघाट कक्षमा जब दुवै जना आमनेसामने भए, न बाउले छोराको अनुहार हेर्न सके, न छोराले बाउको । 'पिन ड्रप साइलेन्स' को अवस्था बन्यो । दुवैका आँखाको डिलमा आँसु भरिए । सायद दुवैलाई लाग्यो होलाः आ-आफ्नो कर्तव्य पूरा सकिनँ । तर बोली दुवैको फुट्न नसकेपछि मैले मध्यस्थकर्ता बन्ने प्रयास गरेँ । अम्मी जान र बेगम भेटघाट कक्ष बाहिरबाटै टुलुटुलु हेरिरहे । बाबु भन्छन्, 'कहिलेकाहीँ पैसा माग्थ्यो । पढाइमा टपर । स्कुल कलेजलाई कहिल्यै फी तिर्नुपरेन । सधैं स्कलरसिप । यस्तो कुलतमा होला त सोचेकै थिइनँ । तर अब परिहाल्यो, त परिहाल्यो । जुन दिन थाहा पायौं, सिधै यहाँ भर्ना गरिदियौं ।' बाबुलाई छोरा सुध्रिनेमा दुई मत थिएन ।

छोरा भन्छन्, 'अस्ट्रेलिया जाने रहर थियो । साथीहरूको लहलहैमा कति बेला सिकियो, थाहै भएन । सुरूसुरूमा अरूले नै खुवाउने । बिस्तार बिस्तारै नशा बन्दै गएपछि आफैंलाई चाहिने । अनि पैसाको बन्दोबस्त गर्न अनेक बहाना बनाउनु पर्ने । तर यो पैंतालीस दिनमा छोड्न सक्छु भन्ने लागिसक्यो । निस्किएपछि बिल्कुल खान्नँ ।' २०५४ सालमा नेपाल प्रहरीले काठमाडौं उपत्यकाका विभिन्न ठाउँबाट शंकास्पद २७२ जनालाई पक्राउ गरी सोधपुछ गर्दा १११ जना लागुऔषधमा फसेका पाएपछि उक्त युवा समूहलाई कुलतबाट बचाउन स्थापना गरिएको लागुऔषध दुर्व्यसनी शिविर नेपालको उपचार तथा पुनर्स्थापना केन्द्रको कोशेढुंगा सावित भयो । आज देशभर दुई सयभन्दा बढी रिह्याब सेन्टर छन् । उनीजस्ता थुप्रै युवा परिवारको मञ्जुरीमा रिह्याब सेन्टरमा पुर्‍याइन्छन् । थोरै युवा भने आफैं आश लिएर सुधार केन्द्रको दैलोमा पुग्छन् । आज देशभर हजारौं युवा रिह्याब सेन्टरमा छन् । अधिकांश ढिला ल्याइन्छन् किनकि एक त परिवारलाई थाहा पाउनै ढिला भइसकेको हुन्छ । अर्कोतर्फ रिह्याबमा बस्दा सामाजिक प्रतिष्ठाको डर हुन्छ ।

रिह्याबमा ल्याइसकेपछि भने मान्यता प्राप्त चिकित्सकबाट परीक्षण गराइन्छ । कम्तीमा तीन-चार महिना अनुशासनमा राखिन्छ । व्यायाम, प्रशिक्षण, ध्यान, खेलकुद, जीवनोपयोगी सीप सबै सिकाइन्छ । एउटै किसिमको ड्रेसकोड । डबल डेकर बेडहरू । चिटिक्क मिलाइएका कोठा । दुर्व्यसनीको तीन बाटोः अपराध, मुत्यु वा पुर्न स्थापनाजस्ता लागुऔषधको कुलत छोड्न प्रेरित गर्ने उत्प्रेरणामूलक भनाइहरू कोरिएका भित्ता । सुधार केन्द्रमा जोखिम पनि छ । सुधारका लागि देशभरका विभिन्न रिह्याबमा पुगेका नौ जना लागुऔषध प्रयोगकर्ता युवाको २०७८ सालको सुरूको नौ महिनामा रिह्याबभित्रै ज्यान गयो । फागुनमा एक जना विराटनगरको रिह्याबबाट भागेपछि खोलामा डुबेको अवस्थामा शव भेटियो । अन्य कैयौं युवा रिह्याबबाहिर ज्यान गुमाउन बाध्य छन् ।

आफ्नो लागुऔषधको 'डोज' किन्ने पैसा जोहो गर्न अपराधको दुनियाँमा प्रवेश गर्ने युवा संख्या पनि ठूलै भएको संकेत दिनहुँजसो प्रहरीले लागुऔषध कारोबारीलाई ठाउँठाउँबाट पक्राउ गर्नुले दिन्छ । लागुऔषधको कुलतबाट पीडित युवाको व्यवस्थापन गर्न राज्यमाथि दबाव छ । यस समस्याका कारण परिवार कसरी विखण्डनको मुखमा पुगेको छ, भावी पुस्तालाई कति चुनौती थपिएको छ, त्यसको न कुनै चित्र कोरेर देखाउन मिल्छ न सामान्य किसिमले अनुमान गर्न सकिन्छ । यसको वास्तविक चोट तिनले भोग्नुपरेको छ, जसको कान्छो वा एक्लो छोरो वा छोरी ड्रग्सको कालो दुनियाँमा प्रवेश गरिसकेका हुन्छन् । लागुऔषध कारोबारीहरूले संगठित रूपले आफ्नो सन्तानलाई आफैंबाट बिस्तारै बिस्तारै खोसिरहेका हुन्छन् ।

भरसक त अभिभावकलाई थाहै हुँदैन। जब थाहा हुन्छ, निकै ढिला भइसकेको हुन्छ । अभिभावकले न, छोराछोरी एडिक्ट भए भन्दै हिँड्न सक्छन् न एडिक्सनको उपचार गरेर सन्तानलाई पुनर्स्थापना गर्ने ग्यारेन्टी गर्न सक्छन् । सबै कुरा भगवान भरोसामा छोड्नुपर्ने अवस्था आइसकेको हुन्छ । लागुऔषधको समस्या यसरी झाँगिदै छ जसबाट युवालाई जोगाउनै मुश्किल भइसक्यो । हरेक दिन कुनै न कुनै जिल्लाका १८ देखि ३० वर्षका युवायुवती कुनै न कुनै लागुऔषधसहित पक्राउ परिरहेका छन् ।

आर्थिक वर्ष २०७७/७८ मा मात्रै दैनिक औसतमा १२ जना पक्राउ परे । दैनिक कम्तीमा ८ जनालाई मुद्दा चलाइयो । एक सय ४७ विदेशी नै परे। कारागारमा रहेका २१ प्रतिशत कैदी बन्दी त लागुऔषधको मुद्दामा कैद भुक्तान गरिरहेका छन् । यी तथ्यांकहरूले एउटै कुरा सिधा सिधा भनिरहेछन - लागुऔषध उत्पादन, ओसारपसार, बिक्री-वितरण र प्रयोगले युवाहरू बर्बाद हुँदैछन् । प्रहरी प्रशासनको कार्यचाप बढेको छ । कारागार प्रशासनको बोझ थपिएको छ । अदालतको ठूलो समय र स्रोत नष्ट हुँदैछ। परिवारका लागि अकाट्य पीडा छ। समाजका लागि कम देखिने, बढी दुख्ने अदृश्य महामारी भएको छ लागुऔषध दुरुपयोग ।

त्यसैले भरसक कोही पनि यो कुलतरूपी महामारीमा नपरून् । परेकाहरू चाँडै समस्याबाट फुत्किन सकून्। फुत्केकाहरू समाजमा पुनर्स्थापित हुन सकुन्। पुनर्स्थापना भएकाहरूले अरुलाई यस्तो गलत बाटो जानबाट रोक्न सकून् । त्यसका लागि अभिभावकले छोराछोरीको राम्रो हेरविचार गर्नमा कसर बाँकी राख्न भएन । विद्यालय उमेर नै सबभन्दा जोखिममा रहेकाले विद्यालयले थप सतर्कता अपनाउनु पर्‍यो । युवाहरूले सही र गलत छुट्याएर सही बाटो हिँड्ने प्रयत्न गर्नु पर्‍यो। पुनर्स्थापना केन्द्रहरूले प्रयोगकर्तालाई आगामी दिनमा पुनः नदोहोर्‍याउने गरी परामर्श दिनुपर्‍यो र उपचार गर्नुपर्‍यो ।

**(लेखक उपाध्याय गृह मन्त्रालय, लागुऔषध नियन्त्रण शाखाका प्रमुख हुन्।)**

## कति कसिएला...

बताए । उनले त्यही अनुसार वडाहरुबाट उम्मेदवारको नाम लिष्ट आइरहको बताए । सत्ता साझेदार गठबन्धनका दलसँग पटक-पटक बसेको बैठकमा ठोस निर्णयमा पुग्न नसकेको गठबन्धन स्रोत बताउँछ ।

'स्थानीय आवश्यकता अनुसार जोसँग पनि गठबन्धन गर्न सकिने भनेर कांग्रेसको निर्णय आएको भए प्यूठानमा एमाले कांग्रेको पनि तालमेल हुन्ने सम्भावन हुनसक्थ्यो । जहाँ तालमेल हुन्छ, गठबन्धनका दलसँग मात्र हुन्छ भन्ने निर्णय केन्द्रले गरेकाले कांग्रेसको एमालेसंग जिल्लामा तालमेल नहुने प्रष्टै भइसकेको छ । अव सत्ताधारी दलहरुबिच गठबन्धन कस्तो बल्ला, गठबन्धन भइहाले गाँठो कत्तिकै कसिएला भन्ने हेर्न बाँकी छ ।

यसअघिको स्थानीय निर्वाचनमा गठबन्धन निर्माणमा सहभागी नेता र गठबन्धनका उम्मेदवार नजिकको प्रतिस्पर्धा भएका निश्चित स्थानमा मात्रै गठबन्धनले सफलता पाउन सक्ने बताउँछन । २०७४ सालमा भएको अघिल्लो स्थानीय तह निर्वाचनमा प्यूठानमा नौबहिनी गाउँपालिकामा मात्र गठबन्धन सफल भएको थियो । यहाँ नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रबिच गठबन्धन थियो । यस्तै गौमुखीमा माओबादी केन्द्र र राजमो, प्यूठान नगरपालिकामा राजमो र माओबादी केन्द्र, स्वर्गद्धारी नगरपालिकामा राजमो र माओबादी केन्द्र, ऐरावती गाउँपालिकामा नेकपा एमाले र माओबादी केन्द्र माण्डबीमा नेपाली कांग्रेस र राजमोबिच गुनाबी गठबन्धन थियो । यस मध्य प्यूठान नगरपालिकामा माओबादीले मेयर र ऐरावतीमा माओबादी केन्द्रले उपाध्यक्ष मात्र जीत हात पारेका थिए । अरु स्थानमा गठबन्धनका उम्मेवार पराजीत हुन परेको थियो । प्यूठान नगरपालिकामा माओबादीका मेयर अर्जुनकुमार कक्षपति निर्वाति हुँदा राजमोका उम्मेदवार उपमेयर ध्रुर्व थापा पराजित भए । ऐरावतीमा माओबादी केन्द्रका उपाध्यक्ष बुद्ध बस्नेत निर्वाचित हुँदा एमालेका अध्यक्ष टिकाबहादुर गुरुङ पराजित भएका थिए । राजनीतिक दलले गठबन्धनमा पहल गरिरहँदा पहिले गठबन्धन गर्दा गठबन्धनबाट निर्वाचनमा पराजित हुनेहरु चुनावी तालमेलबारे उत्साहित छैनन् । अघिल्लो स्थानीय तह निर्वाचनमा प्यूठानमा गठबन्धनको प्रभावकारिता कमै मात्र देखिएको जानकारहरू बताउँछन् । जिल्लाका वडाहरुमा पनि धेरै स्थानमा एकल प्रतिस्पर्धा गरेका दलका उम्मेदवार निर्वाचित भएका थिए । प्यूठान नगरपालिका २ मा जिल्लामा क्रियाशिल ठूला राजनीति दलहरु नेपाली कांग्रेस, माओबादी केन्द्र, राजमोको गठबन्धनको चुनौतीबीच पनि एमालेका उम्मेदवारले एक्लै वडाको ५ वटै पदमा जित हात पारेका थिए ।

## म्यादीमा...

सन्दिप भण्डारी २१ वर्षका भए । उनी पनि म्यादीमा भर्नाको चाहाना राखेर जिल्ला प्रहरी कार्यालले सञ्चालन गरेको म्यादी प्रहरी छनौट प्रकृयाको लागि धाइरहेका छन् । 'नेपालमै रोजगारी पाइन्छकी भनेर धैरै ठाउँमा कोसिस गरियो,' उनले भने,'नेपालमा आफ्ना मान्छे माथिल्लो पदमा नभएपछि रोजगारी पाउन मुस्किल पर्दोरहेछ ।' उनले म्यादी प्रहरीमा पनि सोर्स चल्ने सुनेको बताए । यस्तै प्यूठान नगरपालिका ४ का ४९ वर्षीय लिलाराम पोखेल पनि १८ वर्षका युवाहरुसंग म्यादी प्रहरीको लागि प्यूठान नगरपालिका स्थित खेलमैदानमा लाइन बसेर परीक्षा दिए । रोजगारीको लागि बर्षौदेखि भारतमा बस्दै आएका पोखेल नेपालको कमाई २/४ हजार भएपनि देख्ने रहर जागेको बताए । यी माथिका गयल, भण्डारी र पोखेल त प्रतिनिधि पात्र मात्र हुन ।

प्यूठानमा म्यादी प्रहरीमा भर्ना हुनको लागि हजारौ बेरोजगार युवाले आवेदन दिएका छन् । गणतान्त्रिक खेल मैदान बिजुवारमा लिएको म्यादी प्रहरीको लिखित परीक्षा दिनेको भिडले खेलमैदान भरिभराउ थियो ।

म्यादी प्रहरी मंगलबार देखि प्युठानको सदरमुकाम खलंगामा छनौट कार्य शुरु गरेको हो । प्युठानका लागि करिब १ हजार २ सय जना माग गरिएकोमा ३ हजार १ सय ७४ जनाले म्यादी प्रहरी भर्नामा आवेदन दिएका थिए । आवेदन दिएका ३ सय ८१ जना प्रारम्भिक स्वास्थ्य परिक्षण तथा तन्दुरुस्ती परीक्षामा सहभागी नभएको जिल्ला प्रहरी कार्यालय प्यूठानले जनाएको छ । आवेदन दिएका मध्य २ हजार ७ सय ७६ जनाले लिखित परीक्षा दिएका छन् । यो माग संख्याको दोब्बर भन्दा बढि हो ।

झलेनी पोष्ट साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क :
फोन : ०८६-५९०४३६
Email : jhulenipyuthan@gmail.com

## सुपोमा...

भाडाहरु (गमला, पाला, खुट्टुके) र सुप्पो हरु पनि बेच्न थाले । आफू विद्यालय हुँदा छोराछोरी र श्रीमतीले सम्हाल्दै आएको तरकारी पसलको नाम पनि उनी मास्टर तारकारी पसल राखेका छन् । आफू शिक्षक भएर होला पसलको नाम पनि त्यही किसिमको राखेको उनले झुलेनी पोष्टसङ्गको कुराकानीमा बताए । अहिले मासिक सरदर १५ देखि २० हजार यहि व्यवसायबाट आम्दानी भएको उनले बताए । दुखी पेसा भएपनी आफुहरु सन्तुष्टि रहेको समेत उनले बताए ।

निरन्तर ३० वर्षको शिक्षण पेसा गर्दै आएका उनी २०७० सालमा अवकाशप्राप्त भएका हुन् । आफुले गो ल्भेडा बेच्न सुरु गर्दा अरु कसैको पसल थिएन । बिस्तारै अरुले पनि तरकारी पसल गर्न थालेको भण्डारी बताउँछन् । 'पहिले प्यूठानमै उत्पादन भएको तरकारी बेच्थ्यौ,' उनले भने, 'हिजोआज बुटवल, चितवन, दाङ (देउखुरी लमही), सल्यान कपुरकोट कृष्णनगरबाट समेत तरकारी तथा फलफूलहरु आउँन थाले ।'

यो व्यवसाय धारासायी बन्नुको कारण भनेकै बिचौलियाहरुले व्यवसायी र किसान दुवै पक्षलाई सताउनु भएको उनी बताउँछन् । फलफुल तथा तरकारी व्यवसायी संघ प्यूठानको संस्थापक अध्यक्ष भएर २ कार्यकाल बिताए । अहिले उनी यो संघको केन्द्रिय सदस्य समेत छन् । आफू एक्लैले सुरु गरेको संघमा अहिले जिल्ला भरका ४ सय व्यवसायीहरु आवद्ध भएको उनले बताए । थोरै पुजिमा पनि यो व्यवसाय गर्न सकिने भएकाले सामान्य किसानले पनि यो व्यवसाय गर्न सकिने उनको अनुभव छ । 'यो व्यवसायमा एउटै रेट बनाउन सकिदैन त्यसैले नाफामूलक भन्दापनी सेवामूलक व्यवसायको रुपमा लिन सकिन्छ । बासी भए गलेर नष्ट भएर जान्छ । त्यसले घाटा पनि व्यहोर्नुपर्ने हुन्छ,' उनले भने । तर यो पेसा सजिलो पेसा भएकोले धेरैले गर्न रुचाउँने उनले बताए ।

## मुक्तक दोहोरी



**लालीमाया थापा मगर**

*नौबहिनी गाउँपालिका-२,
लिघा, प्यूठान*

॥१॥

बनेर हामीहरु सर्जक दोहोरी खेलौला।
खुसी बनाएर दर्शक दोहोरी खेलौला।
आउनु हजुर कुनै एक बिषय समेटेर
त्यसैको बारेमा मुक्तक दोहोरी खेलौला।

॥२॥

गरौंला मिठा मिठा बात चिन्ता नगर्नु।
सुम्पिनेछु हजुरलाई हात चिन्ता नगर्नु।
यस्तो छुट्ने कुरा सोच्दै नसोच्नु हजुर
म बाट कहिले हुँदैन घात चिन्ता नगर्नु।

॥३॥

छोडिदिनु मेरो सामु औकातको कुरा।
किन्नै नसक्ने महँगो सौगातको कुरा।
हजुर यति धेरै बुझ्ने मान्छे भएर पनि
किन गर्नुहुन्छ ब्यर्थै जात भातको कुरा।

॥४॥

मनको नजिक र दुरीले दुर छु म त।
स्वीकार छ यो कुरा मन्जुर छु म त।
मैले आदेश दिए जन्ती लिई आउनु
हजुर संगै जानलाई आतुर छु म त।

॥५॥

आधा होइन पुरै हजुरको जिन्दगी चाहिन्छ।
पहिलेको भन्दा माया अलि बढी चाहिन्छ।
जिन्दगीमा एक पटक मात्र बिहे हुन्छ त्यसैले
गुनियो चोली होइन मलाई साडी चाहिन्छ।



**विष्णु पौडेल**

*पोखरा -६*

॥१॥

प्रेमिल भावमा खेल्दै जाँदा छुट्न नपरोस्।
हाम्रो यो माया प्रेमको डोरी टुट्न नपरोस् ।
माया त छदै छ नि हाम्रो माझ दिलमा
अरुको कुरा सुनेर बिचमा फुट्न नपरोस् ।

॥२॥

मिठा कुरा गर्दै कतै संगै बसिन्छ कि।
दुबै हात समाएर माया कसिन्छ कि।
मिलन भए पछि विछोड त हुँदै हुन्न
तिमी मगर म बाहुन कतै फसिन्छ कि।

॥३॥

स्वीकार हुन्छ भने तिम्लाई राजी भैयो आजैबाट।
सानो तिनो सौगात चाहियो किन्न गैयो आजै बाट।
मैले मात्र बुझेर भएन नि तिमीले पनि बुझ्नु पर्यो
आदेश पाए पछि त अब घरमै लैयो आजै बाट ।

॥४॥

हतार नगर सानु चाँजो पाँजो मिलाउदै छु।
तिम्रो लागी मैले गुनियो चोली सिलाउदै छु।
आदेश आए तिम्रो घरको आदेश आउदैछ
आमा बालाई सम्झाएर विश्वास दिलाउदै छु।

॥५॥

भनिसके अर्को महिना डोली लिई आउछु भनि।
जिन्दगीभर नछुटिने माया प्रीति लगाउछु भनि।
मण्डपमा गुमाएर लगन गाँठो कस्दै हामीले
हमेशा नछुटिने गरी दुबै हात समाउछ भनि।

## कविता

सृष्टिको नियम भन्दा कोहि छैन माथी !
कहाँ लेख्यो ठूलो भन्ने बाहुन , क्षेत्री जाती ।
मान्छे हामी सबै एउटै किन फरक जाती !
ल्याउनु पर्छ सबै मिलि दलित पनि माथी।

दलितलाइ घिणा गर्दै माहान आफू ठान्छौ !
ढुङ्गा माथी दूध चढाइ धर्म यहाँ मान्छौ ।
मन्दिर भित्र पुजा गर्दा बाहुन हामी रोज्छौ !
हसिया र फाली चाहिए दलित हामी खोज्छौ ।

कोट,पाइन्ट चोखो हुने दलितले सिउदा !
मरेकालाइ पुजा गर्दै हेला गर्छौ जिउँदा।
कस्ले देख्यो सोर्ग यहाँ कस्ले देख्यो नर्ग !
सृष्टिका सन्तान हामी किन फरक बर्ग ।

गणतन्त्र ,लोकतन्त्र सामन्तिको खेला !
कहिले सम्म हुनुपर्ने दलित बर्ग हेला ।
के,के कुरा फरक भयो दलितले छुदा !
पानि जुठो भन्छौ हामी सोच सानो हुदा ।

कुकुर भित्र पस्दा पनि चोखो भन्छौ घर !
सानो,ठूलो कोहि हुन्न सम्मान ब्याबार गर।
बदलेर सोच हाम्रो हरेक ठाउमा जहिले !
दलित शब्द हटाउ अब संविधानमा पहिले ।



**गिर बहादुर के.सी.(बिरही)**

*गौमुखी गा.पा -६ लिवाङ्, प्यूठान
हाल दुबई*

उन्नति र प्रगतिको हिडौ बाटो खोज्दै !
घिणित ब्याबाहार गर्न हुन्न जाती,बर्ग सोच्दै ।
परिवर्तन ल्याउनु पर्छ सोवार्थी समाज तोड्दै !
जाती, बर्ग मिटाएर समान्तामा जोडदै ।

## गजल

बा"ले एक गल्ती गर्नुभो सानी"मा राखेर !
र, अर्को गल्ती मलाई बन्धकीमा राखेर !

जन्मदाता पनि राक्षस रहेछन् बुझिनछु !
चित्त बुझाएछु सबै दोष भावीमा राखेर !

को हो मेरो चुँडिएको चप्पल फ्याँकिदिने?
डोरी खोज्न गएको थिएँ चौतारीमा राखेर ।

ए, दमाई दाइ! लौ न यो भोटो सिलाईदेऊ,
छाडेर आ"कोछु बच्चालाई कौसीमा राखेर ।

“रत्न” सडेको फलाम थियो हतियार बनायौ,
घनले पिटेर, आगोमा राखेर पानीमा राखेर ।



**रत्नराज पुन मगर**

*जाजरकोट*

## रोचक/प्रेरक प्रसङ्ग

# क्युबामा गंगटो आतंक, घर-सडक कब्जा



कम्युनिष्ट मुलुक क्युबा पछिल्लो समय गँगटो आतंकबाट पीडित बनेको छ। गँगटोका झुण्डले क्युबाका धेरै तटीय क्षेत्रमा आतंक मच्चाइरहेका छन् । यस्तो लाग्दछ कि मानिससँग बदला लिनका लागि गँगटाहरू समुद्रबाट बाहिर निस्किएर वस्तीमा छिरिरहेका छन् ।

रातो, कालो, पहेंलो तथा सुन्तलालगायतका विभिन्न रङका गँगटाहरूले खाडीदेखि सडकसम्म र जंगलदेखि घरसम्म हरेक ठाउँमा कब्जा गरेका छन् । बे अफ पिग्स हालको गँगटा आतंकबाट सबैभन्दा बढी प्रभावित क्षेत्र हो । हुनत क्युबामा समुद्रबाट जमिनमा गँगटा आउने कुरा नौलो होइन र यो हरेक वर्ष हुन्छ । तर, यसपटक गँगटाहरू निकै छिटो निस्किए। जसको तयारी स्थानीय सरकार तथा सर्वसाधारणहरूले गरेका थिएनन् । गँगटाको लागि कोरोनाकाल सबैभन्दा लाभदायी समय थियो ।

कोरोनाकालमा भएको लकडाउनका कारण दुई वर्षसम्म मानवीय गतिविधिहरू लगभग बन्द भए । जंगल, समुद्री क्षेत्र, सडक आदि ठाउँमा मानिसको आवजावत बन्द भयो । गँगटाहरूलाई प्रकृतिले मौका दियो र स्वतन्त्रता पनि । यसले गँगटालाई यत्रतत्र फैलिन र अधिकतम प्रजनन गर्ने मौका दियो। जसका कारण क्युबामा गँगटाको संख्या अत्यधिक बढ्न पुग्यो । संख्यामात्र होइन गँगटाको आकार पनि निकै बढेको छ ।

क्युबाको वातावरण मन्त्रालयका वैज्ञानिक रिनाल्डो सन्टानाका अनुसार यो वर्ष गँगटा किन छिटो बाहिर निस्किए भन्ने कुराको खोजी भैरहेको छ। कोरोना कालमा गँगटाको संख्या बढेर यस्तो भएको हो वा अन्य कुनै प्राकृतिक कारणले हो ? भनेर वैज्ञानिकहरूले अध्ययन गरिरहेका छन् । क्युबामा वसन्तु ऋतुमा हुने वर्षाको मज्जा लिन आएका पर्यटकहरू यस वर्ष भयानक गँगटो आतंकका कारण पीडित बनेका छन् ।

एजेन्सीको सहयोगमा

# रोजिरोटीकै...

विदेशी भूमिमा जानुपर्ने बाध्यता किन आइपऱ्यो भन्नेमा प्रस्ट हुन जरुरी छ। झापा जिल्ला प्रशासन कार्यालयभित्र रहेको आप्रवासी स्रोत केन्द्र (एमआरसी) मा छ महिनायता पासपोर्ट बनाउने क्रममा ३,९३९ जना सूचना लिन आएका थिए। तीमध्ये १,३४६ (३४ प्रतिशत) महिला थिए। सबैजसोको चाहना भने विदेशमा काम गर्न जाने नै थियो, जसले कारण सोध्दा भनेका थिए- घरेलु हिंसा भोग्नु, बालबालिकाको पालनपोषणको जिम्मा आफूमा मात्र हुनु, घर-व्यवहार नहेर्ने तथा अत्यधिक जाँडरक्सी खाने श्रीमान् हुनु, खेतीपातीबाट घर-व्यवहार नचल्नु अनि स्वदेशमा परिवार धान्ने किसिमको काम नपाइनु। तीमध्ये करिब २५ प्रतिशतले कि भारतको बाटो भएर कि त भिजिट भिसामा काठमाडौंबाट विदेश जाने बताएका थिए। बाँकी महिलाहरूचाहिँ कम्पनीमा काम गर्ने भनी नेपालकै विमानस्थलबाट गए पनि घरायसी काममा पुग्छन् भन्ने कुरा सोझै अनुमान गर्न सकिन्थ्यो। भारतको बाटो भएर विदेश जाँदा छिटो र सजिलोसँग जान पाइनेमा उनीहरूको सम्पर्कव्यक्तिले दरैसँग विश्वस्त गराएको हुने रहेछ। त्यसैले पनि स्रोतकेन्द्रले नेपालको विमानस्थलबाट जानुका फाइदाहरू बताउँदा सबैजसो महिला ‘हामीलाई नेपालकै एयरपोर्टबाट काम गर्न जान त दिनुपऱ्यो नि सरकारले ! न यो देशमा काम दिन्छ न विदेशमा जान दिन्छ !’ भन्दै रिसाउने गर्छन ।

सन् २०१९ मा पौरखी नेपालको सुरक्षित गृहमा वैदेशिक रोजगारीबाट फर्किएका जम्मा २७६ महिलाले आश्रय लिएका थिए, जसमध्ये १६० जना अलेखबद्ध अवस्थामा भई नेपाल फर्किएका थिए। आम्कास नेपालमा सन् २०२१ मा आश्रय लिएका ३९३ महिलामध्ये २१५ जना भारतको बाटो भएर गएका थिए र १७६ जना खाली हात फर्केका थिए। अलेखबद्ध अवस्थामा रहेको व्यक्तिलाई विदेशमा काम पाउन गाह्रो हुनुका साथै उसको आत्मबलसमेत घट्छ। फलस्वरूप एकातिर रोजगारदाताले त्यसको फाइदा उठाएर थोरै तलब दिने वा तलबै नदिने तथा हेला गर्ने हुन सक्छ भने, अर्कातिर यस्तो अवस्थाका नागरिक विदेशमा अप्ठ्यारोमा पर्दा नेपाल सरकारले साधारणतया मद्दत गर्दैन। यस्ता कामदारको विदेशमा मृत्यु वा अंगभंग भएमा सरकारले मृतकका बालबालिकालाई दिने छात्रवृत्तिजस्तो कुनै पनि सहयोग वा क्षतिपूर्ति दिँदैन ।

खाडी मुलुक र मलेसियामा घरायसी कामका लागि जानेहरूलाई नेपाल सरकारले सुरक्षाका कारण श्रम स्वीकृति दिनमा विभिन्न खाले सर्त राख्दै तथा प्रतिबन्ध लगाउँदै आएको छ। २०६९ सालमा ३० वर्षभन्दा कम उमेरका महिलालाई खाडी मुलुक जान रोक लगाइएको थियो। २०७२ सालमा उक्त उमेर हदलाई कम गरेर २४ वर्षमा झारिएको थियो भने २०७४ सालमा खाडी मुलुकमा घरायसी कामका लागि जान प्रतिबन्ध नै लगाइयो। हाल आएर उक्त प्रतिबन्ध खोलिएझैं देखिन्छ तर सात सर्त पूरा भएको अवस्थामा मात्र श्रम स्वीकृति दिइने प्रावधान छ। त्यस्ता सर्तहरूमध्ये एउटा हो- दुई सरकारबीच श्रम सम्झौता भएको हुनुपर्ने। हाल नेपाल-जोर्डनबीच मात्र घरेलु महिला कामदार सम्बन्धी श्रम सम्झौता भएको छ। यो अवस्थामा घरेलु कामका लागि खाडी मुलुक र मलेसियामा जान चाहने व्यक्तिले श्रम स्वीकृति पाउने त कुरै भएन। यस्तै कारणले गर्दा आर्थिक वर्ष २०७३-७४ मा ३३,५२० महिलाले श्रम स्वीकृति लिएकामा २०७७-७८ मा त्यो संख्या ११,४५६ मा झरेको थियो। यसको मतलब महिला वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यतामा सुधार आएर यस्तो भएको चाहिँ होइन भन्ने तथ्यको पुष्टि, माथि उल्लिखित, भारतको बाटो भएर खाडी मुलुक जाने महिलाको संख्याले गर्छ।

हाल खाडी मुलुक र मलेसिया जाने घरेलु कामदारका लागि सहज श्रम स्वीकृति दिनुपर्ने विषयमा नीतिनिर्माणको तहमा व्यापक छलफल चलिरहेको छ, जुन आफैंमा सकारात्मक पक्ष हो। यसो भन्दैमा घरेलु कामदारको सुरक्षा र अधिकार प्राप्तिका लागि बिनातयारी श्रम स्वीकृति खुला मात्र गर्नुचाहिँ सतही तथा क्षणिक लोकप्रियताका लागि गरिएको निर्णय मात्र हुनेछ। यसो त सरकारले हालै खाडी मुलुक र मलेसियामा रहेका घरेलु कामदारका लागि पुनः श्रम स्वीकृति दिने निर्णय गर्नुलाई भने स्वागतयोग्य मान्नुपर्छ। स्मरण रहोस्, घरेलु कामदार भन्नाले केवल महिला मात्र नभएर घरभित्रका काम गर्नेसहित ड्राइभर, मालीजस्ता पुरुषहरू पनि पर्छन्।

हाल मैले घरमा काम सघाइरहेकी धादिङकी अनिता घलेको वैदेशिक रोजगारीमा जाने छटपटी दिनहुँ देख्दै आइरहेकी छु। करिब ३५ वर्षकी अनिताका श्रीमान् अर्की केटी लिएर सहरमा बसेका छन्। अनिता दुई बच्चा लिएर माइत बसेकी छन्, दाजुभाइसँग। उनले मलाई काम सघाउन थालेको एक वर्ष भयो। आएको एकै महिनामा भनेकी थिइन्, ‘दिदी, मलाई म्यानपावरले कतारमा काम लगाइदिन्छु, १ लाख २० हजार ठिक्क पार भन्या छ। त्यही पैसा जुटाउन यहाँ काम गरेको।’ मैले स्वदेशमै गर्न सकिने विभिन्न कामका बारेमा जानकारी दिँदा पनि केही नलागेपछि नेपालकै विमानस्थल प्रयोग गरेर, केही न केही सीप सिकेर मात्र जानुपर्छ भनें। उनी घरीघरी भन्ने गर्छिन्, ‘अबको एक हप्तामा उडाउँछ रे ! पैसा मागिसक्यो।’ हाल उनी पैसा तिरेको रसिद माग्न र कामका बारेमा प्रश्न गर्न सक्ने भएकी छन्। त्यही भएर होला, उनीसँगै त्यताको प्रक्रिया सुरु गर्ने धेरै जना उडिसक्दा पनि उनको पालो आएको छैन। उनीचाहिँ ‘बच्चालाइ भेट्न साह्रै मन छ तर घर जान मिलेन, बोलाइहाल्यो भने त’ भन्दै हरपल तयारी अवस्थामा बसिरहेकी छन्।

जति नै रमाहरू सास मात्रै वा लास मात्रै लिएर फर्केको देखे पनि अनिताहरूले वैदेशिक रोजगारी नै रोज्नुपर्ने बाध्यताको अन्त्य कसरी होला ? छोरीको शिक्षादीक्षामा जोड दिन र सामाजिकीकरणसँगै सशक्तीकरण गर्न अनि छोराको सामाजिकीकरणको तौरतरिकामा परिवर्तन गर्दै उसलाई जिम्मेवार पति र बाबु बन्न उत्प्रेरित गर्न तथा यसरी वैदेशिक रोजगारीका क्षेत्रमा मौलाइरहेको कुशासनको अन्त्य गरी सुशासन स्थापना गर्न सकेमा हजारौं अनिता र रमाका पनि दिन फिर्ने थिए।

**घिमिरे सुरक्षित आप्रवासन परियोजनामा आबद्ध छिन ।**

# चैत्र २५ गतेदेखी ३० गतेसम्म टाइफाइड विरुद्धको खोप दिईने

## प्यूठानका ८३ हजार बालबालिकालाई खोप लगाईदै

**गिता गौतम**

**झुलेनी पोष्ट प्यूठान**



प्यूठानमा ८३ हजार ८४ जना बालबालिकालाई टाइफाइड विरुद्धको खोप दिईने भएको छ। स्वास्थ्य कार्यालय प्यूठानले सोमबार आयोजना गरेको टाइफाइड रोग विरुद्धको खोप अभियान तथा नियमित खोपमा टाइफाइड खोपको शुरुवात सम्बन्धी सञ्चारकर्मीहरुसगँको अभिमुखीकरण कार्यक्रममा टाइफाइड खोपको बारेमा जानकारी गराएको हो। जिल्लाका १५ महिना भन्दा माथिका र १५ वर्ष मुनिका बालबालिकालाई आगामी चैत्र २५ गतेदेखी ३० गतेसम्म खोप लगाउने अभियान सुरु गरिने स्वास्थ्य कार्यालय प्यूठानका निमित्त प्रमुख मधुसुदन खड्काले बताए।

लक्षित समुह अन्तर्गत नियमित खोप अभियान १५ महिना देखी २३ महिना सम्मका बालबालिका र खोप अभियान अन्तर्गत १५ महिना देखी माथि र १५ वर्ष मुनिका बालबालिकालाई खोप दिईनेछ। जिल्लाका ९ वटै स्थानिय तहका विद्यालयमै खोप अभियान सञ्चालन गर्दा प्रत्येक विद्यालयमा एक जना विद्यालय नर्स वा एक शिक्षक रहने छन। प्यूठान जिल्लाको सन्र्दभमा खोप केन्द्र विद्यालयमा ३ सय ७८ र विद्यालय भन्दा बाहिर ६४ स्वास्थ्य चौकी गरी जम्मा ४ सय ४२ केन्द्रबाट खोप दिईनेछ। खोप अभियानका लागि जिल्लामा सयौ को संख्यामा स्वास्थ्यकर्मी तथा स्वयमसेवकहरु परिचालन गर्ने तयारी भैरहेको स्वास्थ्य कार्यालय प्यूठानले जनाएको छ।

नेपालमा टाइफाइड कन्जुगेट भ्याक्सीन (टि.सी.भी.) नामक टाइफाइड विरुद्धको खोप लगाईदै छ। यो खोप भारतको बायोलोजिकल ई लिमिटेडबाट उत्पादन भएको हो। खोप करिब ९७ प्रतिशत सम्म प्रभावकारी रहेको स्वास्थ्य कार्यालयको तथ्याङ्कले देखाएको छ। चैत्र २५ गते देखी टाइफाइड खोप अभियान देशैभरी एकैचरणमा सुरु हुँदै छ।

नेपालमा पछिल्लो ५ वर्षको तथ्याङ्क हेर्दा हरेक वर्ष ४ लाख ५० हजार टाइफाइड संक्रमित हुने गरेको पाईएको छ। खानेपानी, खाना र सरसफाईमा ध्यान नपुराउँदा यस्ता खालका रोगले आक्रमण गर्ने गरेको चिकित्सकहरु बताउँछन।

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको गोष्ठी सम्पन्न

**झुलेनी पोष्ट**

**प्यूठान**




प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई अन्तर्गत पकेट, ब्लक र जोन विकास कार्यक्रमको प्रगति समिक्षा गोष्ठी कार्यक्रम भएको छ। बुधबार परियोजना इकाई, प्युठानको आयोजनामा भएको कार्यक्रममा जिल्लाका ९ वटै स्थानीय तहका कृषि शाखा प्रमुख र पशु शाखा प्रमुखहरुको उपस्तिथि रहेको थियो। स्वदेशी सोच, स्वदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट तयार भएको कृषि विकास रणनीति अन्तर्गत कृषिलाई नाफामूलक व्यवसायका रुपमा स्थापित गर्न परियोजना इकाईले यो गोष्ठी गरेको हो।

परियोजना इकाई प्युठानका प्रमुख चुमान सिंह गिरिले प्रगति प्रतिवेदन पेस गर्दै संघीय, प्रदेश र स्थानीय तह मार्फत संचालन गरिएका कार्यक्रमहरुमा यो वर्ष ८ करोड ५० लाख २५ हजारको काम गर्ने बताएका छन्। संघीय सरकार कार्यक्रम अन्तर्गत संचालन हुने जोन विकास कार्यक्रमका लागि ३ करोड २८ लाख, प्रदेश सरकार मातहत एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय मार्फत संचालन हुने ब्लक विकास कार्यक्रम अन्तर्गत १ करोड ७८ लाख ७४ हजार र स्थानीय तह मार्फत संचालन हुने पकेट विकास कार्यक्रमका लागि ३ करोड ४३ लाख बजेट भएको प्रमुख गिरिले बताएका छन्। जोन विकास कार्यक्रम अन्तर्गत परियोजनाले यस वर्ष कृषि यान्त्रिकरण, साना सिंचाइ, भकारो सुधार, चैते धान लगायतका कार्यक्रमहरु संचालन गरि ६० प्रतिशत भन्दा बढी कार्यक्रमहरु सम्पन्न गरेको उनले बताए। साथै कार्यालयको निरन्तर प्रयासमा यस वर्ष ७ सय पचास रोपनी बराबरको जग्गामा चैते धानको क्षेत्र विस्तार गरिएको समेत जानकारी दिएका छन्। हाल जिल्लामा धान र तरकारी जोन विकास कार्यक्रम गरि २ वटा कार्यक्रमहरु संचालनमा छन्। जसमध्ये धान जोन कार्यक्रम छैटौं वर्षमा प्रवेश गरेको छ भने तरकारी जोन चालु आ. व. बाट सुरु गरिएको छ।

यस्तै एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालयका प्रमुख भास्कर पौडेलले प्रदेश सरकार मातहतमा संचालन हुने सबै ब्लक विकास कार्यक्रमको प्रगति प्रतिवेदन पेस गर्दै भौतिक प्रगति भएको तर आर्थिक प्रगति नभएको बताएका छन्। बजेट खर्च नभएको र प्रक्रियागत हिसाबले कार्यक्रमहरु संचालन भैरहेको पौडेलले जानकारी दिएका छन्। जिल्लामा हाल ८ वटा पुराना र २ नयाँ गरि १० ओटा ब्लक विकासका कार्यक्रमहरु संचालनमा छन्। धैरै स्थानीय तहले पकेट विकास कार्यक्रमहरु संचालन गरेपनि केहि स्थानीय तहले कार्यान्वयनमा लैजान ढिलाई गरेको गिरिले बताए। गत आ. व. मा धैरै स्थानीय तहहरुमा कार्यक्रम संचालन नभई बजेट फ्रीज गएको अवस्थालाई मध्यनजर गरि यो वर्ष समयमै परियोजनाको लक्ष्य अनुरुप कार्यक्रम संचालन एवं सम्पन्न गर्नको लागी यो गोष्ठी महत्वपूर्ण भएको आफुले विश्वास लिएको समेत बताएका छन्। परियोजना मार्फत यस वर्ष स्थानीय तह अनुसार पकेट कार्यक्रमको लागि सरुमारानी, माण्डवी, मल्लरानी र ऐरावती गाउँपालिकामा ४६ / ४६ हजार, नौबहिनी र गौमुखी गाउँपालिका, प्युठान नगरपालिका र स्वर्गद्वारी नगरपालिकामा ३१/३१ हजार र झिमरुक गाउँपालिकामा ३५ हजार बजेट बिनियोजन भएको थियो। गोष्ठीमा प्रमुख अतिथि रहेका जिल्ला समन्वय समितिका प्रमुख एवं परियोजना कार्यान्वयन अनुगमन मुल्याङ्कन समितिका प्रमुख केशवराज आचार्यले गुणस्तरीय कृषि उत्पादन सामग्रीहरुको उपलब्धता सुनिश्चित गर्न नसक्नु, कृषि उपज उत्पादनमा यन्त्रिकरण अवलम्वन हुन नसक्नु र कृषि विकासका लागि आवश्यक सिंचाई, कृषि सडक, ग्रामिण विद्युतिकरण, कृषि उद्योगहरुसंगको समन्वयको अभाव रहदै आएको तथा बजारमुखी उत्पादन हुन नसकेकाले कृषिलाई व्यवसायका रुपमा नभई परम्पराका रुपमा मात्र अवलम्बन गरिदै आएको बताए। परम्परागत कृषि प्रणाली अपनाइरहेको कृषकहरुलाई यी कार्यक्रमहरु अझै बिस्तार गर्न समेत जोड दिनुपर्ने आचार्यले बताए।

जिल्ला समन्वय समितिका प्रमुख एवं परियोजना कार्यान्वयन अनुगमन मुल्याङ्कन समितिका प्रमुख केशवराज आचार्यको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालयका प्रमुख भास्कर पौडेल, तरकारी जोन सञ्चालक समन्वय समितिका संयोजक लोकराज पोखेल लगायतका अतिथिहरुको उपस्थिती रहेको थियो। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना इकाईका प्रमुख चुमानसिंह गिरिको अध्यक्षतामा भएको कार्यक्रमको संचालन भने परियोजना प्युठानका नायब प्राविधिक सहायक बिपिन खड्काले गरेका थिए।

# छोटकरी

## पवित्र ठाउँमा राजनीति, पठनपाठनमा समस्या

**बोम बहादुर परियार**

**झुलेनी पोष्ट प्यूठान**

मल्लरानी गाउँपालिका ३ मुनडाँडा स्थित जनकल्याण आधारभूत विद्यालय चौथिलगाउनेमा रिक्त रहेको कार्यालय सहयोगी पदपूर्ती गर्ने विषयमा विवाद हुँदा विद्यालयमा पठनपाठनमा असर परेको छ। गत कार्तीक २९ गते अन्तरबार्ता र प्रयोगात्मक परिक्षाबाट स्थानीय गोपाल खत्री छनौट भएका थिए। यसैमा प्राधानाध्यापक र विद्यालय व्यबस्थापन समिति सदस्यहरुबिच विवाद भएको थियो। नियूक्ति लिएपछि विद्यालयमा हाजिर लगाउन आउँदा खत्रीलाई विद्यालयका प्राधानाध्यापक गिता पौडेलले हाजिर लगाउन दिएकी छैनन्। विद्यालयका प्राधानाध्यापकले रोजेको व्यक्ति छनौटमा नपर्दा हाजिर लगाउन नदिएको विद्यालय व्यवस्थापन समितीका अध्यक्ष गोविन्द अधिकारीले आरोप लगाएका छन्। विवादकै बिचमा खत्रीलाई चैत्र ६ गते विद्यालय व्यवस्थापन समितिले नियूक्ति दिइएको थियो। यता विद्यालयका प्राधानाध्यापक गिता पौडेलले गाउँपालिकाबाट आदेश नआउँदासम्म गोपाल खत्रीलाई हाजिर लगाउन नदिने बताइकी छन्।

लामो समयसम्म विद्यालयमा कार्यालय सहयोगी नहुँदा विद्यालयको दैनिक क्रियाकलापमा असहज भएको विद्यालयका शिक्षकहरुले गुनासो गरेका छन। बालबालिकाहरुले अध्ययन गर्ने स्थल नै फोहोरले भरिएको छ। विद्यालयको शौचालय फोहोर,समयमा घण्टी बजाउने मान्छे नहुनु, विद्यालय वरीपरिको बातावरण दुर्गन्दित रहेका कारण बालबालिकाहरु सोही वातावरणमा पठनपाठन गर्न बाध्य छन।

## स्याउलीबाङ्गमा आगलागीले घर जल्यो

**झुलेनी पोष्ट**

**प्यूठान**

नौबहिनी गाउपालिका १ स्याउलीबाङ्गमा आगलागी हुदा एक घर जलेर नष्ट भएको छ। आगलागीबाट हुदाँ ७ लाख बराबरको क्षती भएको प्रहरीले जनाएको छ। नौवहिनी गाउँपालिका वडा नं.१ स्यालीबाङका नरबहादुर बुढाको घरमा आगोलागी हुदाँ एक लाख रुपैया नगद सहित घरमा भएका अन्नपात, लत्ताकपडा र घर पुर्णरुपमा जलेर नष्ट भएको वडाध्यक्ष सेरबहादुर सेनले जानकारी दिए।

आईतबार विहान साढे १० वजे एक्कासी घरमा आगोलागी भएको परिवारले बताएको छ। सोलारको तार तातिएर आगोलागी भएको हुनसक्ने अनुमान स्थानीयले गरेका छन्। आगलागी भएपछि नर बहादुरको परिवार अहिले छिमेकीको सहारामा बसिरहेका छन। तत्काल घर मर्मत गर्नका लागि आर्थिक अभाव भएको भन्दै नर बहादुरको परिवारले सहयोगको याचना गरेका छन।

## बसले ठक्कर दिंदा बालकको मृत्यू

**झुलेनी पोष्ट**

**प्यूठान**

प्यूठानमा बसले ठक्कर दिंदा एक बालकको ज्यान गएको छ। शुक्रबार बिहान जिल्लाको नौबहिनी गाउँपालिका वडा नं.४ खवाङ्गबाट बिजुवार तर्फ आउदै गरेको लु १ ख ७०२१ नम्बरको बसले ठक्कर दिंदा सोही ठाउँ निवासी ८ वर्षिय बालक सरोज पुन गम्भिर घाईते भएका थिए। घाईते बालकलाई उपचारका लागि प्यूठान अस्पतालमा ल्याइएको थियो। उनको उपचारको क्रममा विहान साढे ११ बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय प्यूठानका प्रहरी निरिक्षक देबी प्रसाद गैरेले जानकारी दिए। ठक्कर दिने बस चालक सरुमारानी गाउँपालिका वडा नं.६ निवासी ओपेन्द्र घर्ती प्रहरीको नियन्त्रणमा रहेका छन।

## संस्थापक मन्त्री पोखेलद्वारा प्रशासकीय भवन उद्घाटन

**झुलेनी पोष्ट**

**प्यूठान**

जिल्लाको माण्डवी गाउँपालिकामा नवनिर्मित प्रशासकीय भवन उद्घाटन गरिएको छ। सोमाबार लुम्बिनी प्रदेशका संस्थापक मुख्यमन्त्री तथा प्रदेश सभा सदस्य एवं नेकपा एमालेका केन्द्रिय महासचिव शंकर पोखेलले भवनको उद्घाटन गरेका हुन्। भवन निर्माणका लागि पालिकाले ५ करोड ८१ लाख बजेट विनियोजित गरेको थियो। आँशु पि.पि.जे.भि निर्माण सेवाले ठेक्का पाएको भवन १५ महिना भित्र सम्पन्न गरेको हो। बेठक, इजलाश कक्ष सहित २१ वटा कोठा

बाँकी ८ पेजमा

नगरवासिलाई अनुरोध


लैंङ्गिक हिंसाको विरोध गरौं। ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं। वातावरणमैत्री नगरपालिका बनाउन प्रतिवद्ध वनौं। विकास निर्माणका काममा जनसहभागिता जुटाऔं। छोरा र छोरीमा भेदभाव नगरौं। बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं। नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं।

अनुरोधक
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, विजुवार प्यूठान

# गौमुखी गाउँपालिका (विगतलाई फर्केर हेर्दा)

**गाउँपालिकाको सामान्य परिचयः**

गौमुखी गाउँपालिका नेपालको पुरानो प्रशासनिक विभाजन अनुसार मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत लुम्बिनी प्रदेसमा पर्दछ । भौगोलिक हिसाबले ८२ डिग्री ५७'३०" देखि ८३ डिग्री ६' पूर्विदेशान्तरसम्म तथा २८ डिग्री १०'३०" देखि २८ डिग्री १९'३०"उत्तरी आक्षांशसम्म अवस्थित गौमुखी गाउँपालिका एउटा प्राकृतिक र साँस्कृतिक विविधता भरि पुर्ण पहाडी क्षेत्र हो । १३९.०४ व.कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको उत्तरमा बाग्लुङ जिल्ला र पश्चिमतिर नौबहिनी गाउँपलिका, दक्षिणमा झिमरुक गाउँपालिका र पूर्वमा गुल्मी जिल्ला रहेका छन् ।



**राजनैतिक तथा प्रशासनिक केन्द्रः**

सङ्घिय मामिला तथा स्थानिय विकास मन्त्रालयले तयार गरेको नमुना वमोजिम व्यवस्था भए बमोजिमगठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार माननीय सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्री संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मासाविकका गाविसहरू अर्खा, रजवारा, पूजा, खुङ्ग, लिवाङ र नारीकोट समेटेर जम्मा ७ वटा वडाहरू कायम गरी गौमुखी गाउँपालिका स्थापना गरीएको हो ।

***गौमुखी गाउपालिकाको वडा विभाजनः***

| वडा नं. | समावेस भएका साविकका गाविसहरु | साविकका वडा नं. |
|---|---|---|
| १ | अर्खा | ६-९ |
| २ | अर्खा | १-५ |
| ३ | रजवारा | १-९ |
| ४ | पुजा | १-९ |
| ५ | खुङ्ग | १-९ |
| ६ | लिवाङ्ग | १-६ |
| ७ | नारीकोट | १-९ |

**गौमुखी गाउँपालिकाको विगत ५ वर्षको विकासक्रमः**

गौमुखी गाउँपालिकाको विगत ५ वर्षको अवधिका भएका विकासका अवस्थालाइ हेरि हरेक आर्थिक वर्षलाई मुख्य कार्यको आधारमा यसरी पहिचान दिइएको छ ।

**पहिलो वर्षः** गौमुखीको सडक विस्तार वर्ष(आ.व. ०७४/०७५)

पहिलो वर्ष गाउँपालिकामा चुनावबाट जनप्रतिनिधिहरु चयन हुने वर्ष रह्यो । यस वर्षमा खास गरि भौगोलिक रुपमा पछाडि रहेको हाम्रो गाउँपालिकामा मुख्य गरि यातायातको असुविधा रहेका सबै वडाहरुमा यातायातको सुविधा पुर्याउने वर्षको रुपमा रह्यो । यस वर्षलाइ गौमुखीको सडक विस्तार वर्षका रुपमा पहिचान दिन सकिन्छ । सबै वडा तथा गाउँपालिकासम्म आउने सडकहरु निर्माण तथा स्तरोन्नतीको कार्यहरु सम्पन्न गरिएको थियो ।




**दोस्रो वर्षः** गौमुखीमा खरको छाना विस्तापित कार्यक्रम वर्ष (आ.व. ०७५/०७६)

यस वर्ष गाउँपालिकाबाट घरका खरको छाना विस्तापित गर्ने उद्देश्य अनुसार खरको छाना हुने घरपरिवारको लागि जस्तापाता वितरण गर्ने कार्यक्रम संचालन गर्ने वर्षको रुपमा रह्यो । यस आवमा कुल १४६० घरपरिवारलाई जस्तापाता वितरण गरिएको थियो । सोहि कार्यक्रमको पुर्णताको लागि आगामी दुइ आर्थिक वर्षसम्म यस कार्यक्रमको निरन्तरता रह्यो । थप १३५ घरपरिवारलाइ जस्तापाता वितरण गरि कुल १५९५ घरपरिवारलाई जस्तापाता वितरण गरि गौमुखी गाउँपालिकालाइ खरको छाना मुक्त गाउँपालिका बनाइएको छ ।

**दोस्रो वर्षः** गौमुखीमा खरको छाना विस्तापित कार्यक्रम वर्ष (आ.व. ०७५/०७६)

यस वर्ष गाउँपालिकाबाट घरका खरको छाना विस्तापित गर्ने उद्देश्य अनुसार खरको छाना हुने घरपरिवारको लागि जस्तापाता वितरण गर्ने कार्यक्रम संचालन गर्ने वर्षको रुपमा रह्यो । यस आवमा कुल १४६० घरपरिवारलाई जस्तापाता वितरण गरिएको थियो । सोहि कार्यक्रमको पुर्णताको लागि आगामी दुई आर्थिक वर्षसम्म यस कार्यक्रमको निरन्तरता रह्यो । थप १३५ घरपरिवारलाइ जस्तापाता वितरण गरि कुल १५९५ घरपरिवारलाई जस्तापाता वितरण गरि गौमुखी गाउँपालिकालाइ खरको छानामुक्त गाउँपालिका बनाइएको छ ।

**तेस्रो वर्षः** वडा कार्यालय तथा विद्यालय भवन निर्माण वर्ष(आ.व.०७६/०७७)

गौमुखी गाउँपालिकाको तेस्रो वर्ष जनताको निकट रहेर सेवा प्रवाह गर्ने वडा कार्यालयहरुको वडा भवन निर्माण तथा व्यवस्थापन गर्ने कार्य सम्पन्न गरियो । सात वटै वडा भवन निर्माण वर्षको रुपमा यो वर्ष परिचित रह्यो । गाउँपालिकाको वहुउद्श्यीय सभाहल निर्माण कार्य तथा कुल ३० वटा विद्यालयको कोठा निर्माण गर्ने कार्य सम्पन्न गरियो ।

**चौथो वर्षः** मुख्य वस्तिमा सडक विस्तार तथा सिचाइ वर्ष(आ.व. ०७७/०७८)

गौमुखी गाउँपालिकाका सवै वडाका मुख्य मख्य वस्तीहरुमा सडक निर्माण तथा स्तरोन्नती गर्ने र कृषीयोग्य क्षेत्रमा सिंचाइ कुलाहरु निर्माण गर्ने कार्यहरु यस वर्षका मुख्य कार्यहरु रहेका छन । सात वटा वडामा कुल ३१ वटा सडक विस्तार तथा १२ वटा सिंचाइ कुलो निर्माण कार्य सम्पन्न गरिएको छ ।

**पाँचौ वर्षः** अधुरा योजनाहरु सम्पन्न वर्ष(आ.व. ०७८/०७९)

विगतको वर्षहरुमा शुरु भएका तर सम्पन्न हुन नसकेका अधुरा योजनाहरु सम्पन्न गर्ने वर्षको रुपमा यो वर्षमा कार्यहरु शुरु गरि एको छ । खास गरी विद्यालय भवन निर्माणका योजना, मुख्य वस्तीका सडक स्तरोन्नती गर्ने योजना, सामुदायिक स्वास्थ्य भवन सम्पन्न गर्ने, खानेपानी तथा सरसफाइ योजनाहरु यस वर्षका मुख्य मुख्य योजनाहरु रहेका छन ।

**गौमुखी गाउँपालिकामा विगतको ५ वर्षमा गरिएका उल्लेख्य प्रयासहरुः**

***खरको छाना विस्थापित कार्यक्रम***

आ.व. ०७५/०७६ देखि गाउँपालिकाबाट घरका खरको छाना विस्तापित गर्ने उद्देश्य अनुसार खरको छाना हुने घरपरिवारको लागि जस्तापाता वितरण गर्ने कार्यक्रम सुभारम्भ गरियो ।

-यस आवमा कुल १४६० घरपरिवारलाई जस्तापाता वितरण गरिएको थियो । सोहि कार्यक्रमको पुर्णताको लागि आगामी दुइ आर्थिक वर्षसम्म यस कार्यक्रमको निरन्तरता रह्यो ।

-थप १३५ घरपरिवारलाइ जस्तापाता वितरण गरि कुल १५९५ घरपरिवारलाई जस्तापाता वितरण गरि गौमुखी गाउँपालिकालाइ खरको छानामुक्त गाउँपालिका बनाइएको छ ।

***सडक विस्तारतर्फ***

गौमुखी गाउँपालिकामा स्थानिय तहको निर्वाचन पश्चात गरिएका सडक निर्माण तथा विस्तारमा भएका मुख्य मुख्य कार्यहरु यसप्रकार रहेका छन् ।

-सबै ७ वटा वडा कार्यालयसम्म पुग्ने सडक नियमित रुपमा संचालन गर्ने गरि निर्माण तथा विस्तार गरिएको छ ।

-पर्यटकीय सडक विस्तार तर्फमुख्य क्षेत्र अर्खा २ गौमुखी र रजवारा झाक्रिढुङ्गासम्म जाने मोटरबाटोको निर्माण गरिएको छ ।

-गौमुखीदेखी ढोरपाटन जोड्ने मोटरबाटो, नारिकोट देउराली हुदै गुल्मी जोड्ने मोटरबाटो, खुङ्ग देखी गुल्मी सोइरे जोड्ने मोटरबाटो, पुजा हिले हुदै झाक्रिढुङ्गा जोड्ने मोटरबाटो, लिवाङ्देखी पुजा जोड्ने मोटरबाटोहरु पालिकाका मुख्य मोटरबाटोको रुपमा परिचित रहेका छन ।

-यस अवधिमा नयाँ ट्र्याक १८३ कि.मि. मोटरबाटो निर्माण गरिएको छ भने २१४ कि.मि. मोटरबाटो मर्मत तथा स्तरोन्नती गरिएको छ । साथै मोटरबाटो ग्राभेल २१२ कि.मि. सम्पन्न गरिएको छ ।

***भवन निर्माणतर्फ***

-गौमुखी गाउँपालिकाका ७ वटै वडामा आफ्नै भवन निर्माण सम्पन्न गरि सोही भवनहरुबाट वडाहरुमा सेवा प्रवाह गरिएको छ ।

-गाँउपालिकामा एउटा सभाहल निर्माण सम्पन्न गरिएको छ ।




***झोलङ्गे पुल निर्माणतर्फ***

-यस अवधिमा ७ वटा झोलङ्गे पुल निर्माण सम्पन्न गरिएको छ संघिय सरकारसँगको सहकार्यमा ५ वटा र गाउँपालिकाको आफ्नै लगानीमा २ वटा झोलङ्गे पुल सम्पन्न गरिएको छ ।

***सिंचाइतर्फ***

-खेतियोग्य जमिन सिंचाइको लागि कुल ४४ वटा साना ठुला योजनाहरु सम्पन्न गरिएको छ । जसबाट कुल १८१४ घरधुरी लाभान्वित भएका छन् ।

***कृषी तथा पशु सेवातर्फ***

-विभिन्न बालीहरुमा भएको क्षति जस्तैः सलहको लागि राहत बितरण कार्यक्रम अन्तर्गत १३४५ जना कृषक लाभान्वित भएका छन् ।

-कृषक समुह, सहकारी तथा फर्म गरि २०५ जनालाई कृषि औजार उपकरण बितरण गरिएको छ ।

-११०जना व्यवसायिक कृषकलाई प्लाष्टिक टनेल तथा थोपा सिंचाइ प्रविधी बितरण गरिएको छ ।

-गौमखी गाउँपालिका ३ रजवारामा स्मार्ट कृषि कार्यक्रम संचालन भएको छ ।

-गौमुखी गाउँपालिका ५ र ७ वडामा वेसार खेतीको पकेट क्षेत्र बिस्तार गरिएको छ ।

-नियमित रुपमा पशु स्वास्थ्य शिविर, ७ वटै वडामा भकारो सुधार कार्यक्रम, खोर सुधार कार्यक्रम संचालन गरिएको छ ।

***शिक्षा तर्फ***

शैक्षिक क्षेत्रको पुर्वाधार निर्माणको अवस्थालाइ हेर्दा निम्न उल्लेख्य कामहरु सम्पन्न गरिएको छ ।

-कक्षाकोठा निर्माणलाइ हेर्दा जम्मा ४५ वटा विद्यालयहरुमा अति आवश्यक ज्ञ्दघ वटा कक्षाकोठाको निर्माण सम्पन्न गरिएको छ ।

-१५ वटा विद्यालयमा शौचालय निर्माण, सवै ४५ वटा विद्यालयहरुमा मर्मत संभारको कार्य, ४ वटा विद्यालयमा पुस्तकालय स्थापना

(गौमुखी गाउँपालिकाद्वारा प्रायोजन गरिएको)

बाँकी ७ पेजमा

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# गाईपालन व्यवसाय गर्नु अघि जान्नै पर्ने केही महत्वपूर्ण जानकारी

**४१) गाईको वंश सुधार गरी राम्रो उत्पादन दिने बाच्छी आँनै गोठमा कसरी उत्पादन गर्न सकिन्छ?**

- राम्रो जातको साँढेसँग प्रजनन गराई उच्च नश्लको बाच्छी उत्पादन गर्न सकिन्छ।
- राम्रो जातको (जर्सी, होलस्टेन) साँढेको वीर्य प्रयोग गरी कृत्रिम गर्भाधान गराउन सकिन्छ।
- स्थानीय राम्रो साँढे तर नजिकको नाता नपर्ने साँढे लगाई वंश सुधार गराउन सकिन्छ।

**४२) कृत्रिम गर्भाधान गराउंदा वहर खोजेको कति समयभित्र गराई सक्नु पर्छ ?**

-कृत्रिम गर्भाधान गाईले वहर खोजेको लक्षण देखाएको ८-१६ घण्टाभित्र गराई सक्नु पर्छ। वहर खोजेको लक्षण देखाएको २-४ घण्टाभित्र भन्दा ८ घण्टापछि गराउदा राम्रो हुन्छ।

**४३) के एकै पटकमा कृत्रिम गर्भाधान गराउदा गाई व्याउने हुन्छ र ?**

-गाईले वहर खोजेको र राम्रो वीर्य (सिमेन) ठीक समयमा गर्भाशयमा पुगेको अवस्थामा गाई व्याउने हुन्छ ।तर ठीक समयमा कृत्रिम गर्भाधान नहुनु, सिमेन गुणस्तरीय नभएमा र ठीक ठाउँमा सिमेन नपुगेमा फेरि गाई उल्टने पनि हुन्छ।

**४४) कृत्रिम गर्भाधान नेपालको अवस्थामा कति प्रतिशत सफल छ ?**

-हालको तथ्याङ्क अनुसार ५५ प्रतिशत भन्दा वढी सफल भएको पाइएको छ । समान्यतया ५० प्रतिशत सफल हुने गरेको अनुमान छ।

**४५) इम्ब्रियो ट्रान्सफर (Embryo Transfer) प्रविधि भनेको के हो ?**

-गाईरभैंसी वा पोथी जनावरले भाले खोजेको वेलामा वीर्यरसिमेन राखेर गरे जस्तै डिम्व र शुक्रकिट जोडिएर वनेको इम्व्रियो नै पोथी जनावरको गर्भाशयमा राखेर उन्नत नश्लको वाछी जन्माउने प्रविधिलाई इम्व्रियो ट्रान्सफर भनिन्छ ।यो प्रविधि नेपालमा परिक्षणको रुपमा मात्र भएको छ। विकसित मुलुकमा यो प्रविधि को उपयोग हुदै आएको छ।

**४६) गाईको दूध दूहुने राम्रो तरिका कस्तो हुन्छ ?**

- गाईको थुन छोटो भएमा राम्रो सँग सफा गरेर बुढी र चोर औला थुनको फेदमा समाती दूधको सिर्को भाडोमा तानिन्छ।
- ठुलो र लामो थुन भएमा थुनलाई पुरै हातले समाती हत्केलाले दवाएर दूधको सिर्को भाडोमा पारिन्छ।
- बुढी औलालाई दोवारेर थुनमा टाँसी अरु औलाहरुले दवाएर दूध दूहुने पनि गरिन्छ।

**४७) मेसिनवाट पनि दूध दुहुन सकिन्छ ?**

-धेरै दूध दिने गाईको दूध मेसिनबाट पनि दुहुने गरिन्छ । एक पल्टमा एउटा मात्र गाईको दूध दुहुने मेसिन पनि प्रयोगमा छ। एकै पटक धेरै गाईको दूध दुहुने गरी मेसिन को प्रयोग पनि ठुला व्यावसायिक फर्महरुमा प्रयोगमा छ।

**४८) दूध दूहुने मेसिन नेपालमा उपलब्ध छ त ?**

-हाल नेपालमा पनि व्यावसायिक फार्महरुले दूध मेसिनबाट दुहुने गरेका छन् । दूध दूहुने मेशिन डेरीको सामानको व्यवसाय गर्ने कम्पनीले कृषकको माग आएमा उपलब्ध गराउँछन्।

**४९) एउटा गाईलाई आरामसंग वस्न कति ठाउ आवश्यक हुन्छ ?**

-एउटा गाईलाई ६.५ फिट लम्वाई र ३.५ फिट चौडाई भएको ठाउँ उपयुक्त हुन्छ । धेरै गाई राख्ने व्यावसायिक गोठमा यस्तै हिसावले गाई वस्ने ठाउँ वनाइन्छ।

**५०) आधुनिक गाई गोठ बनाउंदा कस्तो ठाउाको छनौट गर्दा राम्रो हुन्छ ?**

-राम्रो संग घाम लाग्ने, पारिलो पश्चिम दिशा तर्फ फर्केको जमिन राम्रो हुन्छ । गोठमा हावा खेल्ने राम्रो ठाउ हुनुपर्छ। अतः गोवर, सोत्तरबाट निस्कने वाफ सजिलै वाहिरिन्छ। आधुनिक गोठको नमुना जिल्ला पशु सेवा कार्यालयबाट पाउन सकिन्छ।

**५१) गाईको दूध उत्पादन भएको छ बेच्न कहां लैजाने ?**

-गाईको दूध निम्न तरीकाले सजिलै बेच्न सकिन्छः -

डेरी कर्पोरेशनको संकलन केन्द्र, स्थानीय डेरी को-अपरेटिभहरु, स्थानीय साना डेरी पसल, मिठाई पसल

**५२) दूधबाट अन्य परिकार बनाएर पनि नाफा बढाउन सकिन्छ भन्छन् नि ?**

-मिठाईहरु, खुवा, पनिर, चिज, छुर्पी जस्ता दूधजन्य पदार्थबाट सिधै दूध बेचेर भन्दा बढी नाफा लिन सकिन्छ।

**५३) दूधबाट अन्य परिकारहरु बनाउने तालीम कहांबाट पाउने ?**

-जिल्लाको पशु सेवा कार्यालय एवं पशु सेवा विभाग पशु विकास फार्म तथा अन्य आयोजनाहरुले यस्ता तालीम संचालन गर्दछन् । तालीम वारे जानकारी चाहने कृषक उद्यमीले सम्बन्धीत जिल्ला पशु सेवा कार्यालयमा सम्पर्क राख्नु पर्छ।

**५४) उन्नत गाई खरिद गरेर व्यवसाय गर्न चाहने कृषकले कहांबाट गाई खरीद गर्न पाउछन् ?**

-नेपालमा गाई एकै ठाउं वा एकै फर्मबाट खरीद गर्ने सम्भावना छैन।जुन जिल्लामा गाईपालन गर्ने योजना बन्छ सोही जिल्लाको जिल्ला पशु सेवा कार्यालय एवं सरकारी पशु विकास फार्म तथा डेरी फार्म गर्ने कृषकहरुसंग सम्पर्क गरी चाहिएको जस्तो गाई खरीद गर्न सकिन्छ।

**५५) आँनै गाईपालन गर्ने गोठबाट उन्नत गाई विकास गर्न सकिन्छ ?**

-आफ्नो गोठमा पालेका माउ गाईलाई कृत्रिम गर्भाधान वा उन्नत जातको साँढे लगाएर उच्च नश्लको बाच्छी उत्पादन गरी उन्नत जातको गाई फार्मको विकास गर्न सकिन्छ

—भाग २

**भाग १ अघिल्लो हप्ताकोअंकमा छ ।**

# गौमुखी.......

र विस्तार, ८ वटा विद्यालयमा आइसिटी सहयोग, १२ वटा विद्यालयको फिल्ड निर्माणर थप ४ वटा विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण गरिएको छ।

-विद्यालयको शैक्षिक गुणस्तर निर्माण हेतु गाउँपालिकाको शिक्षा ऐन तथा नियमावली तयार गरी सोहि अनुसार कार्यहरु संचालन गर्ने प्रकृया थालिएको छ।

***स्वास्थ्य तर्फ***

स्वास्थ्य सेवाको नियमित कार्यहरुसहित तपशिल मुख्य कामहरु यस प्रकार रहेका छन्।

-गौमुखी गाउँपालिकाका स्वास्थ्य चौकी मार्फत नसमेटिएका वस्तीहरुलाइ स्वास्थ्य सेवा संचालनको लागि एउटा आधारभुत स्वास्थ्य सेवा केन्द्र र ७ वटा सामुदायिक स्वास्थ्य इकाइ गरि ८ वटा स्वास्थ्य संस्था स्थापना गरिएको छ।

-७ वटा सामुदायिकस्वास्थ्य इकाइको आफ्नै भवन निर्माण गरि सेवा प्रवाहमा सहजता प्रदान गरिएको छ।

-२०७७ जेष्ठदेखी (करिव कोभिडसमय) पुजा स्वास्थ्य चौकीमा एमबिबिएस मेडिकल अधिकृत मार्फत चिकित्सकिय सेवालाइ निरन्तर संचालन गरिएको छ। घरदैलोमा डाक्टर कार्यक्रम अन्तर्गत वडा स्तरिय चिकित्सकिय स्वास्थ्य शिविर नियमित रुपमा गरिदै आएको छ।

-पुजा स्वास्थ्य चौकीमा एक्सरे सेवाको सुरुवात, सहलियत फार्मेसी सेवा संचालन, एनालाइजर मेशिनमार्फत ल्याब सेवाको संचालन नियमित रुपमा गरिएको छ।

***खानेपानी तथा सरसफाइ***

-यस अवधिमा खानेपानी तथा सरसफाइ अन्तर्गत साना ठुला आयोजना गरि कुल १५५ वटा आयोजना सम्पन्न गरिएको छ।

-सबै खानेपानी तथा सरसफाइ आयोजनाहरुबाट कुल ४१४६ घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन्।

***अन्य उल्लेखित कार्यहरु***

-गाउँपालिकाभर ३२ वटा कटुवालहरुलाइ सूचनाको प्रविध हस्तान्तरण अन्तर्गत सिमकार्डसहित मोवाइल फोन वितरण गरि एको छ।

-५० वर्ष भन्दा माथि सामाजिक सुरक्षा भत्ता नपाएका एकल पुरुषहरुलाइ मासिक ५ सयका दरले एकल पुरुष भत्ता वितरण कार्य संचालन गरिएको छ। यसबाट ९१ जना एकल पुरुष लाभान्वित भएका छन्।

-गाउँपालिकाले रकम भुक्तानी गर्ने गरि विद्युतको मिटर जडान गर्दा दलितहरुका लागि निशुल्क मिटर वितरण गर्न विद्युत प्राधिकरणसँग समन्वय गरिएको छ।

-पर्यटकीय क्षेत्रको विकास अन्तर्गत गौ मुखीमा पदमार्ग निर्माण, झाक्रिढुङ्गामा भवन तथा सिडि निर्माण, रानिताल व्यवस्थापन र कैलाश दहको संरक्षण कार्य सम्पन्न गरि एको छ।

***अन्त्यमा***

गौमुखी गाउँपालिकाको विगत ५ वर्षको प्रगतिको अवस्थालाइ हेर्दा आधारभुत सुविधाका क्षेत्रमा धेरै काम भएको देखिन्छ। गाउँपालिकाको सुरुवातको अवस्था भएकोले गर्दै सिक्दै जाने प्रकृयामा विकासको सवालमा लिएका लक्ष्य र उद्देश्यहरु धेरै पुरा भए, केहि पुरा हुने प्रकृयामा रहे भने केहि पुरा गर्न सकिएन पनि। सवै सवैमा पूर्ण हुन संम्भव नभएको यथार्थतालाइ मध्यनजर गर्दा साधन र स्रोतको सिमितताले असिमित आवश्यकताहरु यसै अवधिमा पुरा गर्न नसकिने रहेछ नै ।विकासको प्रकृया भने एक पछि अर्को सधै निरन्तर चलिरहन्छ।

यस अवधिमा भएका प्रगतिहरुलाइ आधार प्रगतिको रुपमा लिने र गरिएका विकासका प्रयास कार्यहरुलाइआगामि दिनहरुको विकासक्रम सँगसँगै लैजानु हाम्रो आवश्यता रहेको देखिन्छ।

**जय गौमुखी ।**



"हामी सबैको एउटै रहर, पूर्ण सरसफाई यूक्त हाम्रो नगर,
पूर्ण सरसफाई यूक्त हाम्रो नगर, अब छैन कसैलाई रोगको डर"

## सम्पूर्ण नगरवासीमा प्यूठान नगरपालिकाको अपिल

**फोहोर व्यवस्थापन सन्देश :**

- फोहोरलाई श्रोतमै बर्गिकरण गरी पुन: प्रयोग गरौं ।
- कुहिने फोहोरबाट कम्पोष्ट मल उत्पादन गरी कौशी खेती प्रर्बद्धन गरौं ।
- फोहोरको दिगो व्यवस्थापन गरौं, वातावरण संरक्षण गरौं ।
- नजाने फोहोर जाने मोहर
- फोहोर मैला व्यवस्थापन गरौं, जिम्मेवार नागरीक बनौं ।
- आफ्नो शहर सफा र स्वच्छ राखौं, सभ्य नागरिकको परिचय दिऔं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टाछुट्टै भाँडामा संकलन गरौं ।
- हानिकारक फोहोरलाई साधारण फोहोरमा नमिसाउँ ।
- फोहोरमैला व्यवस्थापनमा अग्रसर होऔं स्थानीय निकाय सित हातेमालो गरौं ।
- पुर्ण सरसफाईमा हाम्रो प्रतिबद्धता दिगो फोहोरमैला व्यवस्थापन आजको आवश्यकता ।

**कसैले देहायको काम गरेमा कसुर गरेको मानिनेछ ।**

- नगरपालिकाले तोकिदिएको समय र स्थानबाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्ने ।
- घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने ।
- फोहोरबाट निस्केको दुषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर जग्गा प्रदुषित गराउने ।
- सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको सवारी साधन विसाउने वा बिसाई रहेको सवारी साधन हटाउन इन्कार गर्ने ।
- जन-स्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा सार्वजनिक स्थलमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने ।
- श्रोतमै फोहोरमैलाको वर्गिकरण नगरी फोहोरमैला मिसाएर निष्काशन गर्ने ।
- मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डि तथा माछाको कत्ला आदी सार्वजनिक स्थल, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोर जन्य पदार्थहरु जथाभावी फ्याँक्ने ।

**सजाय : माथी उल्लेखित कसुर गर्ने व्यक्तिलाई स्थानीय निकायले पहिलो पटक भए रु. ५00, दोश्रो पटक भए रु.1000 र तेश्रो पटक वा सो भन्दा बढि पटक गरेमा रु. ३000 जरिवाना र फोहोरमैला उठाउन लाग्ने खर्च समेत निजबाट असुल गर्न सक्नेछ ।**

**अनुरोधक :**
**प्यूठान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय,**
**विजुवार, प्यूठान**

## गाउँपालिकावासिलाई अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम्र अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**ऐरावती गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बरौला प्यूठान

## गाउँपालिकावासिलाई अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम्र अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**गौमुखी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, लिवाङ प्यूठान

## गाउँपालिका वासिलाई अनुरोध

लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम्र अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

**अनुरोधक : सरुमारानी गाउँपालिका बड्डाँडा प्यूठान**

## स्वास्थ्य मापदण्डको पालना गरौं ।

लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन । परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरुवात आफै बाट गर्नुपर्दछ । परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## संस्थापक...

रहेका छन् । कार्यक्रममा पुर्व जनप्रतिनिधि, जग्गादाता, निर्माण व्यवसायी, सहिदका परिवार, उत्कृष्ट कृषक तथा पसुपालक, व्यवसायीहरुलाई सम्मान गरिएको थियो । कार्यक्रममा पालिका अध्यक्ष श्रीधर रोकाले आफुले अहिलेसम्म गरेको कामका विवरण प्रस्तुत गर्दै यो ५ वर्षमा पालिकाले उल्लेखनिय काम गरेको बताएका छन । कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखेलले नवनिर्मित भवनले नागरिकहरुलाई थप सुविधा दिने विश्वास आफुले लिएको बताएका छन् । साथै देशमा अधिकारको राजनीति चलिरहेको भन्दै परिवर्तन ल्याउँन आर्थिक विकास र समृद्धिका लागि राजनीति गर्नुपर्ने बताएका छन् । लुम्बिनी प्रदेशका संस्थापक मुख्यमन्त्री तथा प्रदेश सभा सदस्य एवं नेकपा एमालेका केन्द्रिय महासचिव शंकर पोखेलको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा संघीय सांसद सुजिता शाक्य, प्रदेश सभा सदस्य हरि प्रसाद रिजाल लगायतका अतिथिहरुको उपस्थिति रहेको थियो ।

पालिका अध्यक्ष श्रीधर रोकाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन भने पालिकाका प्रमुख प्रशासकिय अधिकृत शिशिर रिजालले गरेका थिए ।

## भ्रुणहत्या अपराध हो

- **लिङ्ग पहिचान गरी भ्रुणहत्या गर्नु अपराध हो ।**
- **त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।**
- **छोरा र छोरी दुबैको जीवन सुरक्षित गरौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## गाउँपालिका वासिलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं ।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम्र अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।
१२) गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**नौबहिनी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बाहाने प्यूठान

**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान